annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १२३ पृष्ठ ८ | काठमाडौं, शनिबार १४ भदौ २०८२ | भाद्र शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | SATURDAY, AUGUST 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# चन्द्रशमशेरकै पालाको नहर, चरम राजनीति र बेथितिको सिकार

चन्द्रशमशेर जंगबहादुर राणाकै पालामा लहानको खुट्टीखोलामा नहर बाँधियो । सिरहाको ९ सय ३५ बिघाभन्दा बढी क्षेत्रफलमा सिँचाइ पुऱ्याउने भनियो । गणतन्त्र स्थापनापछि पनि पटकपटक नहरमा बजेट खन्याइयो, तर न पानी आयो, न त सिँचाइ नै भयो । उल्टै, २०७९ सालमा ९ करोड लागतमा हेडवर्क्स बनाइयो । त्यो पनि खोला तल, हेडवर्क्स माथि । नहर निर्माणमा राजनीतिको कुरै नगरौं । डिजाइनका गल्ती, कर्मचारीको कमजोरी र ठेकेदारको लापरबाहीले यो योजना असफल जस्तै बनिसक्यो ।

**शम्भु यादव** | *सिरहा*

– को रिपोर्ट



समाचार पृष्ठ २


लहान–१० स्थित खुट्टीखोलामा निर्मित हेडवर्क्स । जसबाट हालसम्म सिँचाइ भएको छैन । ● शम्भु यादव

## अन्तर्राष्ट्रिय मामिलामा नेपालको दृष्टिकोण र प्राथमिकता प्रस्तुत हुनेछ : प्रधानमन्त्री

**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले सांघाई सहयोग संगठन (एससीओ) मा अन्तर्राष्ट्रिय मामिलामा नेपालको दृष्टिकोण र प्राथमिकता स्पष्ट उजागर गरिने बताएका छन् । चीन भ्रमणबारे शुक्रबार संसद्मा जानकारी दिँदै प्रधानमन्त्री ओलीले एससीओमार्फत अध्यधिक लाभ हासिल गरी नेपालको हित प्रवर्धन गरिने पनि बताए । 'हाम्रो प्रयास यस संगठनमा नेपालको सहभागितको स्तर अभिवृद्धि गर्नु, समसामयिक क्षेत्रीय र अन्तर्राष्ट्रिय मामिलामा नेपालको दृष्टिकोण र प्राथमिकता स्पष्ट रूपमा उजागर गर्नु एवं यसमार्फत अत्यधिक लाभ हासिल गरी नेपालको हित प्रवर्धन गर्नु रहेको छ,' प्रधानमन्त्री ओलीले भने ।

यसपटकको चीन भ्रमणको मुख्य उद्देश्य चीनको तियानजिन सहरमा आयोजना हुने सांघाई सहयोग संगठनको शिखर सम्मेलनमा भाग लिनुभएको पनि उल्लेख गरे । 'सांघाई सहयोग संगठन सन् २००१ मा स्थापना गरिएको, आज विश्वकै सबैभन्दा ठूलो क्षेत्रीय संगठनहरूमध्ये एकको रूपमा विकसित भइसकेको छ,' ओलीले भने,'चीन, रुस, भारत, पाकिस्तान, काजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान, इरान र बेलारुस यसका पूर्ण सदस्य राष्ट्रहरू हुन् ।'



नेपालसहित टर्की, श्रीलंका, अजरबैजान, आर्मेनिया, कम्बोडिया, इजिप्ट, कतार, साउदी अरेबिया, कुवेत, मालदिभ्स, म्यानमार, बहराइन र संयुक्त अरब इमिरेट्स सांघाई सहयोग संगठनका संवाद साझेदारहरू (डायलग पार्टनर) हुन् । अफगानिस्तान र मंगोलिया भने पर्यवेक्षक राष्ट्रहरू हुन् । प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिनफिङसँग द्विपक्षीय भेट हुने कार्यक्रम रहेको जानकारी गराउँदै भने, बेइजिङमा चीनका उपराष्ट्रपति हान चङसँग पनि भेट हुने बताए । 'चीनका महामहिम राष्ट्रपति र उपराष्ट्रपतिले दिनुहुने छुट्टाछुट्टै रात्रिभोजमा समेत हामी सहभागी हुनेछौं,' ओलीले भने ।

प्रधानमन्त्री ओलीले २०८२ भदौ १६ (सेप्टेम्बर १) तियानजिनमा हुने एससीओ प्लस शिखर सम्मेलनमा पनि सहभागिता हुने र आफूले त्यस सम्मेलनमा सम्बोधन गर्ने कार्यक्रम रहेको पनि प्रस्ट्याए । उनले एससीओ शिखर सम्मेलनका दौरान विभिन्न मित्र राष्ट्रहरूका राष्ट्र तथा सरकार प्रमुखहरूसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यतालिका रहेको पनि जानकारी दिए । प्रधानमन्त्री ओलीको सोही दिन बेइजिङ जाने कार्यक्रम भएको पनि संसद्मा बताए ।

प्रधानमन्त्री ओलीले हालसम्म तय भएका साइडलाइन बैठकका विषयमा जानकारी गराउँदै भने,'अरू देशका साथीहरूसँग पनि भेट्ने विषयमा कुराकानी भइरहेको छ । अहिलेसम्म रुसी महासंघका महामहिम राष्ट्रपति भ्लादिमिर पुटिन, गणतन्त्र माल्दिभ्सका महामहिम राष्ट्रपति डा. मोहमद मिज्जु, कम्बोडिया अधिराज्यका महामहिम प्रधानमन्त्री डा. सोमदेक मोहा बोरभोर तिपाहदे हुन महानेट, लाओ जनप्रजातान्त्रिक गणतन्त्रका महामहिम प्रधानमन्त्री श्री सोनेसाइ सिपानडोन तथा समाजवादी गणतन्त्र भियतनामका महामहिम प्रधानमन्त्री श्री फाम मिन चिङसँग भेट्ने कुरा टुंगो लागेको छ ।'

» बाँकी पृष्ठ ६

## थाई प्रधानमन्त्री अदालतबाट पदच्युत



**बैंकक** (एजेन्सी) : थाइल्यान्डकी प्रधानमन्त्री पाटोङटार्न सिनावात्रालाई त्यहाँको संवैधानिक अदालतले पदच्युत गर्ने फैसला गरेको छ । गत जुनमा बाहिरिएको उनको विवादास्पद फोन वार्तामार्फत 'नैतिक आचरणको उल्लंघन' भएको ठहर गर्दै अदालतले शुक्रबार निलम्बित प्रधानमन्त्री सिनावात्रालाई पदबाट हटाउने निर्णय सुनाएको हो ।

फोन वार्तामा उनले कम्बोडियासँगको सीमा तनाव बढ्दै जाँदा त्यहाँका पूर्वनेता हुन सेनलाई 'काका' भनेर सम्बोधन गर्दै थाई सेनाको आलोचना गरेको सुन्न सकिन्छ । हुन सेन आफैंले चुहावट गरेको उक्त फोन वार्ताले सिनावात्राको प्रतिष्ठामा आँच पुऱ्यायो र आलोचकहरूले उनलाई देशको सेनालाई कमजोर बनाएको आरोप लगाएका थिए ।

» बाँकी पृष्ठ ६

## मुद्दामामिलाले रेडक्रस पुन: खारेजीको बाटोमा

### रिसायो आईएफआरसी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेपाल रेडक्रस सोसाइटी पुन: खारेजीको बाटोतिर उन्मुख भएको छ । आईएफआरसीको अनुपालन तथा मध्यस्थता समिति (सीएमसी) को सहमतिमा गठन भएको तदर्थ समितिविरुद्ध पनि मुद्दामामिला परेपछि सीएमसीले गम्भीर असन्तुष्टि जनाएको छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटिजहरूको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) ले मुद्दामामिला नगर्ने सर्तमा नयाँ तदर्थ समिति बनाएर अघि बढ्न सरकारलाई भनेको थियो । सोही सहमतिअनुसार सरकारले विनोदकुमार शर्माको संयोजकत्वमा तदर्थ समिति गठन गरेको थियो । आईएफआरसीको अनुपालन तथा मध्यस्थता समिति (सीएमसी)का संयोजक क्रिस्टिना कुम्पुलाले सरकारको नयाँ तदर्थ समिति गठन गर्ने निर्णयलाई चुनौती दिँदै सर्वोच्च अदालतमा निवेदन दर्ता गराइएको छ भन्ने सुन्दा धेरै निराश भएको बताएकी छन् । अदालतमा दिइएको मुद्दाले नेपाल रेडक्रसको भविष्यलाई जोखिममा पारेको उनले बताएकी छन् । अदालतको मुद्दाले राष्ट्रिय सोसाइटीको सञ्चालनबारे थप विलम्ब तथा सन्देह उत्पन्न भएको पनि उनले बताएकी छन् । यो विषयलाई आफूले समर्थन नगर्ने कुरा सार्वजनिक रूपमा व्यक्त गर्न आह्वान गरेकी छन् ।



कुनै पनि राजनीतिक अथवा व्यक्तिगत स्वार्थभन्दा नेपाल रेडक्रसको भविष्यलाई माथि राखेर मुद्दा फिर्ता लिन अदालतमा निवेदन दिनेहरूलाई आह्वान गर्न उनले सीएमसीको तर्फबाट अनुरोध गरेकी छन् । उनले भनेकी छन्,' यहाँको आवाज अहिलेको आरोप तथा मुद्दा दर्ताको हानिकारक चक्रलाई अन्त्य गर्नका निमित्त निर्णायक रूपमा महत्वपूर्ण छ । नेपाल रेडक्रस सोसाइटीको बढी उज्ज्वल भविष्यका लागि सामूहिक रूपमा आफ्नो आवाज उठाउन हामी यहाँलाई अनुरोध गर्न चाहन्छौं ।'

धेरै वर्षसम्म प्रयास गर्दा गर्दै पनि विवादमा संलग्न दुई समूहबीच संवादबाट समाधान हासिल गर्न असफल भएको परिप्रेक्ष्यमा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको अनुपालन तथा मध्यस्थता समिति (सीएमसी)को अनुरोधमा सरकारद्वारा नयाँ कदम चालेको पनि अवगत गराएकी छन् । 'हालको परिस्थिति वर्षौंयतादेखि जारी छ, यस परिस्थितिबाट नेपाल रेडक्रस सोसाइटीका प्रतिष्ठा तथा स्रोतहरूमा ठूलो क्षति पुग्न गएको छ र अबको समय भनेको संकट पार गरेर सुधारको नयाँ दिशातिर प्रवृत्त हुने तथा पहिलेकै अवस्थामा फर्कन सुरु गर्ने अवसर हो' उनले भनेकी छन्, 'हाम्रो यसभन्दा पहिलेको सन्देशबमोजिम नै नेपाल रेडक्रस सोसाइटीलाई पहिलेकै अवस्थामा फर्काउने कार्यभन्दा माथि व्यक्तिगत स्वार्थ अथवा गुनासाहरूलाई राख्ने समय अहिलेको होइन, सरकारको निर्णयविरुद्ध अदालतमा निवेदन दर्ता गर्नु भनेको नेपाल रेडक्रस सोसाइटीको मानवीय लक्ष्यविरुद्धको आघात हो । नेपाल रेडक्रस सोसाइटीका अधिकांश बहुमत सदस्यहरू यसमा सहमत हुनुहुन्छ भन्ने हामी विश्वास गर्दछौं ।'

पूर्वअध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा हालेपछि आईएफआरसीले तीव्र असन्तुष्टि जनाएको हो । प्रा. नेपालले महिला बालबालिका मन्त्रालय, समाज कल्याण परिषद् र नेपाल रेडक्रस सोसाइटी, त्यसको नयाँ बनेको तदर्थ समितिका पदाधिकारीलाई प्रतिवादी बनाएर मुद्दा हालेका छन् । भदौ १० मा यो मुद्दामा सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेले अन्तरिम आदेशसमेत जारी गरिसकेका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट भएको ०८२ साउन ९ को निर्णय एवं जारी भएको पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्चले अन्तरिम आदेश जारी गरेको छ ।

अन्तरिम आदेश प्रयोजनार्थ ०८२ भदौ १७ को तारेख तोकी उक्त छलफल पेसीका दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट २०८२ साउन ९ गते भएको निर्णय पत्राचारसहितको सक्कल मिसिलसहित झिकाई छलफल पेसीको सूचना विपक्षीलाई दिई नियमानुसार पेस गर्नु भन्ने पनि आदेशमा छ । निवेदक नेपालका तर्फबाट वरिष्ठ अधिवक्ताहरू पूर्णमान शाक्य, डा. मुक्तिनारायण प्रधान, दिनेश त्रिपाठी र रामेश्वरप्रसाद कोइरालाले बहस गरेका थिए । नेपाल सरकारको २०८२ साउन ९ गतेको निर्णयानुसार विनोदकुमार शर्माको अध्यक्षतामा ९ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेका थियो । त्यो तदर्थ समितिलाई समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा ३ बमोजिम तीन महिनाभित्र संस्थाको विधानबमोजिम नयाँ कार्यसमिति गठन गर्न कार्यादेश प्राप्त छ ।

» बाँकी पृष्ठ ६


भित्री पृष्ठ



यो 'माउन्ट एभरेस्ट', त्यो 'डेड सी' - पृष्ठ ३



यात्रा मानसरोवर अनि कैलाशको - पृष्ठ ४



अभिलेखमा प्राचीन कुमाउनी भाषा - पृष्ठ ५



नापी अधिकृतको पौने ६ करोड अकुत - पृष्ठ ६